


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २६ गते मंगलबार ❑ 10 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कस्तो बजेट भयो हामी आफै छक्क छौं मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**गण्डकी, २५ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले चालु आर्थिक वर्षको लागि आएको बजेटमा आफुहरु समेत छक्क परेको बताए।

नेपाल नगरपालिका संघका पदाधिकारीसंगको छलफल कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले आफुहरुले हतारमा बजेट ल्याउदा हाल छक्क पर्ने प्रकारको बजेट भएको बताएका हुन्।

उनले भने "हामीले अघिल्लो सरकारले ल्याएको अधिकांश बजेट तथा कार्यक्रम ल्याएकै छौं तर केही योजनाहरु भने हाम्रा कार्यकर्ता समेत खुसि पार्ने गरी योजना ल्याए भनेको हाम्रै कार्याकर्ता पनि हाल बजेट प्रति खुसी छैनन ।" संघियताको मर्म र भावना अनुसार प्रदेश सरकारले एकल तथा साझा अधिकारको बिषयमा स्थानिय तथा संघ सरकारसंगको सहकार्यमा टुंगाउने मुख्यमन्त्री पोखरेलले बताए । सोमबार



पोखरामा आयोजित कार्यक्रममा वोल्दै गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले स्थानीय, प्रदेश र संघिय सरकारको योजनाको रकम विनियोजना गर्ने बिषयमा निश्चित रकमको निर्धारण गर्नुपर्ने बताए । उनले भने "पछिल्लो समयमा हामी धेरै आलोचित हुनु परेको छ, जनताको केही ठाँउमा सानो रकम पनि ठुलो आवश्यकता जस्तो देखिएको छ तर यसमा हामीले एउटा निश्चित मापदण्ड बनायर अघि बढेमा भोलिका दिनमा आलोचना खेप्न पर्दैन ।" विगतमा गरेको कार्यको समिक्षा गरी दृर्ण संकल्प सहित संघियतालाई संस्थागत र अपनत्व गराउने बिषयमा स्थानिय र संघिय सरकारसंगको सहकार्य र समन्वय गर्दै जानुपर्ने मन्त्री बरालले जनाए।

प्रदेशका मुख्यन्यायाधिवक्ता रोहितराज बास्तोलाले प्रहरी ऐन, जग्गा प्राप्ती देखि प्रदेशमा अझै धेरै समस्या भएको बताए । नगरपालिका संघका पदाधिकारीहरुले वडाले गर्ने एक लाखे योजनाहरु प्रदेश र संघिय सरकारले समेत उस्तै रकम विनियोजन गरेको भन्दै टिप्पर्ढी गरेका थिए । गण्डकी प्रदेश सरकारले चालु बर्षमा ल्याएको बजेटमा धेरै पुराना योजनाहरु काटिएको नगर प्रमुखहरुको गुनासो थियो।

कार्यक्रममा पूर्व मुख्य सचिव डा.सोमलाल सुवेदीले कार्य विस्तितिकरण पुनरावलोकनका लागि राय, सुझाव संकलनको छलफल कार्यक्रममा आफ्नो प्रस्तुती राख्दै संघिय सरकारका लागि ८ सय ७३, प्रदेशका लागि ५ सय ६७ र स्थानिय तहको लागि ३ सय ५५ कार्य जिम्मेवारी सिफारिस गरिएको जनाए।

नेपाल नगरपालिका संघका अध्यक्ष असोक वेन्जु श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा महासचिव भिम प्रसाद ढुंगना, पुतली बजार नगरपाकिलाका प्रमुख सिमा क्षेत्री, वालिङ नगरपालिकाका प्रमुख दीलीप क्रिकम खाँड, पालुङटार नगरपालिकाका प्रमुख दीपक बाबु कडेंल, बागलुङ नगरपालिका प्रमुख जनकराज पौडेल, फलेबास नगरपालिकाका प्रमुख पदमपाणी पौडेल लगायतले अझै प्रदेश र स्थासनय तहको साझा सुचिको बिषयमा प्रष्ट नभएको गुनासो गरे।

## पर्यटन लक्षित खोप कार्यक्रम छिटै : मन्त्री शर्मा

**पोखरापत्र संवाददाता**
**गण्डकी, २५ साउन**

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्माले पर्यटन क्षेत्रलाई लक्षित गरी एकदुई दिन भित्रमा नै कोभिड १९ विरुद्धको खोप कार्यक्रम पोखरामा अगाडि बढाइने बताएका छन्।

पर्यटनको वर्तमान अवस्था र राज्यको दायित्व विषयमा पश्चिमान्चल होटल संघ पोखराले सोमबार यहाँ आयोजना गरेको छलफल कार्यक्रमा मन्त्री शर्माले सो जानकारी दिएका हुन् । पहिलो चरणमा पोखरा पर्यटन परिषद् अन्तरगत रहेका संघ लगायतका सदश्य संस्थाका लागि दुई हजार पाँच सय मात्रा खोप व्यवस्था गरिएको तथ्यांक उनले सुनाए । थप खोप बिस्तारै प्रदान गर्दै गइने उनको दावी थियो । खोपविना पर्यटन क्षेत्र अघि बढ्न नसक्ने पश्चिमान्चल होटल संघ पोखराले विगत केही महिनादेखि बताउँदै आएको थियो । न्यून मात्रामा भए पनि पर्यटन क्षेत्रका लागि खोप छुट्याइनु सकारात्मक भएको संघका अध्यक्ष विकल तुलाचनले बताए । कोभिडबाट उत्पन्न परिस्थितिका कारण पोखराका २५ प्रतिशत होटल बन्द



भएको र ६५ प्रतिशत मजदूर पलायन भएको जानकारी पनि उनले सो अवसरमा दिए । कार्यक्रममा तुलाचने सरकारले प्रतिवद्धता ब्यक्त गरे अनुरुप विद्युत्मा छुटको घोषणा लागू हुनु पर्ने र अन्य राहातका कार्यक्रम पनि अगाडि बढाइनु पर्ने माग गरे।

सो अवसरमा बोल्दै मन्त्री शर्माले पर्यटन व्यवसायी र सम्बन्धित सरोकारवाला तथा विज्ञहरुसँग बसेर आफूले पर्यटन पुनरुत्थानको योजना ल्याउने तयारी गरिरहेको जानकारी पनि सो अवसरमा दिए। कोभिडलाई लक्षित गरी गण्डकी प्रदेश सरकारले ल्याएको एक अर्व रुपैयाँको व्यवसाय जीवन रक्षा कोषको व्यवस्था यथावत रहेको जानकारी पनि उनले दिए। बाग्लुङको बलेवामा रहेको विमानस्थललाई संचालनमा ल्याउने विषय, हिमागृह खोल्ने विषय र पोखराको पर्यटन बसपार्क निर्माण कार्यलाई अन्तिम चरणमा पुऱ्याउने विषयलाई आफूले ध्यान दिएको भनाई पनि उनको थियो।

कार्यक्रममा संघका सल्लाहकार वच्चुराम तिवारीले तत्काल विदेशी पर्यटक नेपाल आउने संभावना नरहेको स्मरण गराउँदै आन्तरिक पर्यटक प्रबर्द्धनको योजना सरकारसँग के छ भनी प्रश्न गरे । संघका अर्का सल्लाहकार हरि शर्मा गैह्रेले पर्यटन क्षेत्रलाई खोपको प्राथमिकतामा नराखिनु दुर्भाग्य भएको गुनासो गरे । अनलाइन मार्फत् पढाउने शिक्षकहरु फ्रन्टलाइनमा गनिंदा पर्यटन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रियतालाई सुदृढ बनाउन आदिवासी जनजातिको भूमिका महत्वपूर्ण : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ साउन**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नेपाली राष्ट्रियतालाई सुदृढ बनाउन आदिवासी जनजाति समुदायको भूमिका महत्वपूर्ण भएको बताउनुभएको छ।

२७औं विश्व आदिवासी दिवस (अगस्त ९) का अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले राजनीतिक परिवर्तनसँगै देश निर्माणमा नेपालका आदिवासी जनजाति समुदायहरूले महत्वपूर्ण योगदान दिँदै आएको बताउनुभएको छ।

"नेपाली राष्ट्रियतालाई सुदृढ बनाउन, जातीय सद्भाव र आदिवासी जनजाति समुदायको सहिष्णुता कायम राख्नसमेत यो समुदायको विशेष योगदान रहेको छ", उहाँले सन्देशमा भन्नुभएको छ, "राज्यका हरेक निकायमा समुचित र न्यायोचित प्रतिनिधित्वका लागि नेपालको संविधान २०७२ ले संवैधानिक रूपमा प्रत्याभूत गरेकाले बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक देश नेपालको मौलिक विशेषताका रूपमा रहेको विविधतााई हामी सबैले सम्मान गर्नु पर्दछ।

आदिवासी समुदायको अधिकारसम्बन्धी आईएलओ महासन्धि १६९ लाई नेपालले सन् २००७ सेप्टेम्बर १३ मा अनुमोदन गरिसकेको छ। आदिवासी समुदायको संस्कृति संरक्षणका लागि २३ डिसेम्बर १९९४ को संयुक्त राष्ट्रसङ्घको साधारणसभाले ९ अगस्तलाई विश्व आदिवासी दिवसका रूपमा मनाउने अवधारणा अगाडि बढाएको उहाँको सन्देशमा उल्लेख छ । नेपाली जनताको पटकपटकको त्याग, बलिदान र सङ्घर्षले नै सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्व जस्ता महत्वपूर्ण उपलब्धि हासिल भएको उल्लेख गर्दै सन्देशमा उपलब्धिको रक्षा र आदिवासी जनजाति समुदायलाई राज्यप्रति अपनत्व महसुस गराउन सबैको ध्यान जान आवश्यक रहेको भनिएको छ।

## तीन हजार ६५१ संक्रमित थपिए, २२ को मृत्यु

**रासस**
**काठमाडौं, २५ साउन**

पछिल्लो २४ घण्टामा थप तीन हजार ६५१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको तथ्याङ्कअनुसार सो अवधिमा १६ हजार ५९४ जनाको नमूना परीक्षण गर्दा उक्त सङ्ख्यामा कोरोना सङ्क्रमण पुष्टि भएको हो । देशभरका विभिन्न प्रयोगशालामा १० हजार ४४५ जनाको आरटी-पिसीआर परीक्षण गर्दा दुई हजार ६०९ जनामा सङ्क्रमण पुष्टि भएको छ भने सोही अवधिमा देशका विभिन्न ठाउँमा गरी छ हजार १४९ जनाको एन्टिजेन परीक्षण गरिएकोमा एक हजार ४२ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । देशका विभिन्न ठाउँमा २२ जनाको संक्रमणबाट मृत्यु भएको छ । योसँगै नेपालमा हालसम्म कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या १० हजार ११५ पुगेको मन्त्रालयले जनाएको छ । त्यस्तै पछिल्लो २४ घण्टाभित्र नेपालमा थप एक हजार ७८४ जना कोरोना सङ्क्रमित निको भएका छन् । विभिन्न अस्पतालमा उपचाररत तथा होम आइसोलेशनमा रहेका ती सङ्क्रमित सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ । यससँगै नेपालमा कोरोना सङ्क्रमित भइ निको हुने दर ९३ दशमलव ५ प्रतिशत छ । हालसम्म छ लाख ७१ हजार ८३ जना सङ्क्रमणमुक्त भएका छन् । त्यसैगरी देशभर ३६ हजार २८८ जना सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ । तीमध्ये ३२ हजार ९०७ होम आइसोलेशनमा छन् भने संस्थागत आइसोलेशनमा तीन हजार ३८१ जना छन् । सात सय ४१ जना आइसियुमा र १८६ जनाको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ । देशभर ४४१ जना क्वारेन्टिनमा रहेका छन्।

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले बुझायो वार्षिक प्रतिवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ साउन**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई वार्षिक प्रतिवेदन बुझाएको छ। प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले आइतबार मुख्यमन्त्रीकै कार्यकक्षमा उक्त प्रतिवेदन बुझाएका छन्।

उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले नागरिकलाई अनभूति हुनेगरी सुशासन जनमैत्री सेवा दिनेखालका जनशक्ति उत्पादनमा जोड दिन निर्देशन दिए। उनले भने, 'सडक विस्तार, पुलपुलेसा बनाउँदा नागरिकले एकथरी सुविधा पाउँछन्, प्रशासनिक सेवा चुस्त भए सरकारले काम गरेको छ भन्ने अनुभूति हुन्छ, यसैलाई प्राथमिकतामा राखेर काम गरिदिनुहोला।' नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गरी लक्ष्य हासिल गर्न कर्मचारीकै भूमिका महत्वपूर्ण हुने भन्दै मुख्यमन्त्री पोखरेलले प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने जनशक्ति उत्पादनमा प्रतिष्ठान लाग्नुपर्ने बताए ।




सैद्धान्तिक भन्दा व्यावहारिक ज्ञानमा जोड दिन पनि उनले निर्देशन दिए। प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीले प्रतिष्ठानले दक्ष जनशक्ति उत्पादनमा पुऱ्याउँदै आएको योगदानको कदर गर्दै आगामी दिनमा अझ प्रभावकारी रुपमा काम गर्न आग्रह गरे।

कार्यक्रममा मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोला, मुख्यमन्त्रीका प्रेस संयोजक भरत कोइराला उपस्थित थिए।

उक्त अवसरमा कार्यकारी निर्देशक पाण्डेले प्रदेश र स्थानीय तहका लागि क्षमता विकासका कार्यक्रम गत आर्थिक वर्षमा सुरु गरेको बताए। सम्बन्धित तहको 'आवश्यकताको पहिचान र प्रशिक्षण सामग्रीको निर्माण गर्ने काम पनि सुरु भइसकेको उनले जानकारी गराए। स्थानीय तहमा सार्वजनिक खरिद, स्थानीय आर्थिक विकास र राजश्व सुधार कार्ययोजना सम्बन्धी प्रशिक्षण सामग्री समेत तयार भइसकेका छन् । गएको आर्थिक वर्षमा स्थानीय तह र प्रदेशस्तरका कर्मचारी र जनप्रतिनिधि गरी ४ हजार ९ सय २७ जनाले प्रशिक्षण पाएका छन् । सञ्चालित प्रशिक्षणको प्रभावकारिताका बारेमा अनुगमन पनि थालिएको कार्यकारी निर्देशक पाण्डेले बताए। उनले भने, 'गएको आवमा तालिम लिएका १ सय ५० भन्दा बढी कर्मचारीसँग तालिम कार्यक्रम कार्यान्वयनको अवस्थाका बारेमा अनुगम गरेर फिडब्याक समेत लिएका छौं।'

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्रमार्फत् सञ्चालन गरिने कार्यक्रमको कार्ययोजना निर्माण तथा प्रशिक्षण अवधारणा बनाएर प्रतिष्ठानले काम गर्दै आएको छ। प्रतिष्ठानको आइएसओ प्रक्रियाको पूर्वाधार निर्माणस्वप कर्मचारीको स्थायी दरबन्दी सिर्जना गरिएको र यो आवमा भित्रमा उक्त गुणस्तर प्रमाणपत्र प्राप्त हुने विश्वास उनले व्यक्त गरेका छन्।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन- २०७५ अन्तर्गत स्थापित प्रतिष्ठानले २०७६ फागुनदेखि काम थालेको हो। प्रतिष्ठानले ५ वर्षे रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा समेत ल्याइसकेको छ।



# सामुदायिक वन दिवसमा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
**गण्डकी, २५ साउन**



राष्ट्रिय सामुदायिक वन दिवसका अवसरमा पोखरा महानगरपालिका वडा नं ३० स्थित चापापानी चिसाकुना सामुदायिक वनमा वृक्षारोपण गरिएको छ।

"सामुदायिक वनको सम्पत्ति, समृद्धि, प्रकृति र संस्कृति" भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा अमला, वडहर, कटहर, हर्रो, वर्रो, हलुवावेद, तेजपात, नासपति लगायत बिभिन्न जातका दुई सय वटा विरुवा रोपिएको हो। पोखरा महानगरपालिका वडा नं ३० का वडाअध्यक्ष श्रीराम पोखरेलले औषधीय गुणयुक्त हर्रोको विरुवा रोपेर कार्यक्रमको शुभारम्भ गर्दैसामुदायिकवनलाईउत्पादनसँग जोड्नुपर्ने आवश्यकता औल्याउनुभयो । वृक्षारोपण गर्नु आफैमा महत्वपूर्ण भएको उल्लेख गर्दै उहाँले विरुवा रोप्नका लागि मात्र नभई संरक्षण र त्यसबाट उपलव्धि प्राप्त गर्नु पर्नेमा जोड दिनुभयो । सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य हरिप्रसाद बाँस्तोलाले समूहको मेहनत, जनप्रतिनिधिको सहयोग र वन कार्यालयको प्रविधि सहित त्रिकोणात्मक सहकार्यबाट मात्र सामुदायिक वनबाट समृद्धि प्राप्त गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले सामुदायिक वनमा हुने विकास निर्माणमा वन समुहको अधिकार सुनिश्चित हुनुपर्नेमा जोड दिंदै राष्ट्रिय गौरवको प्राणी उद्यान केन्द्र व्यवस्थित रुपमा सञ्चालन गर्न वन समुहबीच समन्वय एवम् सहकार्य हुनु पर्ने आवश्यकता औल्याउनुभयो। १५ हेक्टर क्षेत्रफलमा फैलिएको सो सामुदायिक वनमा कूल ३२० घरपरिवार उपभोक्ता रहेको समुहका अध्यक्ष दुर्गादत्त भुर्तेलले जानकारी दिनुभयो। वन समुहको खासै आम्दानी नभएको र उपभोक्ताले वार्षिक सदस्यता नविकरण गरेको शुल्कबाट मासिक पाँच हजार पारिश्रमिक दिएर एक जना हेरालो समेत राखिएको उहाँको भनाई छ।

पचभैया समुदायिक बन समूहका अध्यक्ष दिननाथ ढकाल, सब डिभिजन बन कार्यालय लेखनाथका सहायक वन अधिकृत रामबहादुर विश्वकर्मा, समुहका उपाध्यक्ष तारानाथ तिवारी, सचिव सीता सापकोटा, लगायतले वृक्षारोपणको महत्व र संरक्षण, पवर्द्धन एवम् उपयोगका बारेमा चर्चा गर्नुभएको थियो।

# साफ च्याम्पियनशिप फुटबल माल्दिभ्समा हुने

**रासस**
**काठमाडौं, २५ साउन**

तेह्रौं संस्करणको दक्षिण एशियाली फुटबल प्रतियोगिता (साफ) माल्दिभ्समा हुने भएको छ।

साफको कार्यकारी समितिको बैठकले आगामी असोज १५ देखि २७ गतेसम्म सो प्रतियोगिता गर्ने निर्णय गरेको हो । प्रतियोगिता आयोजना गर्नका लागि नेपाल र माल्दिभ्सले दक्षिण एशियाली फुटबल महासङ्घसमक्ष प्रस्ताव राखेका थिए । प्रस्ताव अध्ययनपछि प्रतियोगिता आयोजना गर्ने जिम्मा माल्दिभ्सले पाएको हो। नेपालमा पछिल्लो समय कोरोना महामारी बढ्दै गएका कारण साफ च्याम्पियनशिप आयोजना गर्न अनुमति नपाएको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ । यसअघि १३औं संस्करणको साफ च्याम्पियनशिप बङ्गलादेशमा गर्ने तय भएको थियो । बङ्गलादेशले कोरोनाका कारण साफ च्याम्पियनशिप आयोजना गर्न नसक्ने जनाएपछि कसले प्रतियोगिता गर्ने भनेर केही समय कुर्नु परेको थियो। नेपालले सन् १९९७ र सन् २०१३ मा साफ च्याम्पियनशिप आयोजना गरेको थियो । माल्दिभ्सले भने सन् २००८ मा उक्त प्रतियोगिता आयोजना गरेको थियो। त्यतिबेला माल्दिभ्सले श्रीलङ्कासित मिलेर संयुक्त रूपमा उक्त प्रतियोगिता आयोजना गरेको हो।

साफमा नेपाल, भारत, बङ्गलादेश, श्रीलङ्का र माल्दिभ्सले भाग लिने पक्का भएको एन्फाले जनाएको छ। भूटानले भाग लिने वा नलिने विषयमा केही दिनमा निर्णय गर्ने बताइएको छ । विश्व फुटबल महासङ्घ (फिफा) ले प्रतिबन्ध लगाएका कारण पाकिस्तानले भने साफमा भाग लिन पाउने छैन । नेपालले हालसम्म साफको उपाधि जित्न सकेको छैन। नेपाली फुटबल टोलीले बुधबारदेखि कास्कीको पोखरामा साफको तयारी स्वरुप अभ्यास सुरु गर्ने भएको छ। साफ अघि नेपाली टोलीले भारतसँग दुई मैत्रीपूर्ण खेलसमेत खेल्नेछ । नेपालले भारतसित त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आगामी भदौ १७ र भदौ २० गते खेल्ने तय भएको छ।

# आकस्मिक रक्तदानमा ५४ जनाद्धारा रक्तदान

**पोखरापत्र संवाददाता**
**गण्डकी, २५ साउन**



पोखरा संघसंस्थाहरुबाट हुने नियमित रत्तदान नहुँदा रगतको चरम अभाव भएको छ । पोखरामा मात्रै दैनिक २०० युनिट भन्दा बढी रगतको माग विभिन्न अस्पतालहरुबाट हुने गरेकोमा बढ्दो कोरोना महामारि तथा रत्तदान मा केही भ्रम का कारण रत्तदानमा कमी भएको रत्तसंचार केन्द्र का प्रमुख अर्जुन ज्ञवालीले बताए।

बिकसीत देशहरुमा कोभिड भ्याक्सीन लाउनु अगि रत्तदान गर्ने गरीन्छ, हाम्रो मा कमजोर भइन्छ भन्ने मानसिकताले रत्तदानमा कमि भएको हो । रेडक्रस मार्फत रचात्मक सन्देश दिने कार्यक्रमहरू गरीने रेडक्रस कास्कीका उपसभापति डण्ड राज शर्मा ले बताए । रगत अभावलाई पुरा गर्न क्रियासिल आकस्मीक रत्तदान युनिट मार्फत गरीएको रत्तदान कार्यक्रममा ५४ जनाले रत्तदान गरेका थिए । आक्समीक रत्तदान युनिटका संयोजक नेत्र ढकालको सभापत्तित्वमा भएको कार्यक्रममा रत्तदान अभियन्ता रेडियो सराङकोटका कार्यकारी निर्देशक कृष्ण थापा, कृष्न मानन्धर, सुरेन्द्र श्रेष्ठ, रेडक्रस कास्की का उपनिर्देशक खेमराज शर्मा, साघुमुख टोल संस्थाका उपाधक्ष्य रोशन मर्हजन , अर्भुद रोग निवारण संस्थाका अध्यक्ष प्रेम भुजेल लगायतले रत्तदान को महत्वमाथी आआफ्नो धाराणा राखेका थिए।

हाल देखिएको रगतको अभावमा सहयोग पुर्याउन स्वास्थ्य सुरक्षाको पालना गदै रत्तदान कार्यक्रम गरीदिन सम्पुर्णमा रेडक्रसले अनुरोध गरेको छ।

## पर्यटन ...

क्षेत्र उपेक्षामा पर्नु दुःखद भएको उनको भनाई थियो।

संघका सल्लाहकार गोविन्दराज पहारीले कोभिडका कारण सबै भन्दा बढी प्रभावित पर्यटन क्षेत्र भएको भन्दै यो क्षेत्रका लागि तत्काल राहातका कार्यक्रम सरकारले घोषणा गर्नु पर्ने बताए। पानी र विजुलीमा होटलकर्मीले कुनै राहत नपाएको भन्दै बैंकको ताकेताले ब्यवसायी भनै प्रताडित हुनु परेको उनले दुखेसो पोखे । सो अवसरमा बोल्दै संघका निवर्तमान अध्यक्ष एवं होटल संघ नेपालका केन्द्रिय सदश्य भरतराज पराजुलीले होटल क्षेत्र ठूलो लगानी भएको व्यवसाय भएको स्मरण गराउँदै खोपमा त्यही अनुसारको प्रथमिकता प्रदान गरिनु पर्ने बताए। पोखरा र बरपरको पर्यटन क्षेत्रमा दुई खर्व रुपैयाँ हाराहारीको लगानी रहेको भन्दै पराजुलीले साना होटलमाथी लादिएको वातावरणीय प्रभाव मूल्यांकनको व्यवस्था खारेज हुनु पर्ने माग राखे । लेकसाइड स्थित हिमागृह सर्वसाधरणको लागि छिटो खोलिनु पर्ने माग पनि उनले राखे। संघका सहकोषाध्यक्ष नरेशबहादुर भट्टराईले पोखरामा बन्दै गरेको नयाँ विमानस्थबाट बेगनासताल र फेवा तालसम्म पुग्ने मार्ग फराकिलो बनाउनेतर्फ बेलैमा सोच्नुपर्ने सुझाव राखे। अन्नपूर्ण क्षेत्र घुम्न आउने पदयात्रीले एकपटक प्रवेश अनुमति लिएपछि त्यसलाई पुनः प्रयोग गर्न सक्ने गरी बहुप्रवेश प्रणालीमा आधारित बनाईनुपर्ने सुझाव पनि उनले दिए।






# गण्डकी प्रदेशका कृषिमन्त्री र वनमन्त्रीलाई मगर संघ, कास्कीको सम्मान

**पोखरापत्र संवाददाता**
**गण्डकी, २५ साउन**



मगर समुदायबाट मन्त्री बनेका गण्डकी प्रदेश सरकारका दुई जना मन्त्रीलाई नेपाल मगर संघ, कास्कीले सम्मान गरेको छ।

आइतबार आयोजित सम्मान कार्यक्रममा भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्री चन्द्रबहादुर बुढामगर "सागर" र वन, वातावरण तथा भू-संरक्षण मन्त्री दीपक चर्तीमगरलाई मगर संघ, कास्कीले सम्मान गरेको हो । मन्त्रीद्वयलाई मगर संघ, कास्कीको तर्फबाट अध्यक्ष संगीता पुनमगरले फेटा र खादा लगाएर सम्मान गर्नुभयो । मन्त्री बुढामगर बागलुङबाट निर्वाचित सांसद् हुनुहुन्छ भने मन्त्री चर्तीमगर स्याङ्जाबाट निर्वाचित सांसद् हुनुहुन्छ।

सम्मानित भएपछि बोल्दै कृषिमन्त्री बुढामगरले मगर संघ, कास्कीले राखेका माग सम्बोधनका लागि प्रदेश सरकारको तर्फबाट आफूले सक्दो पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । समाज बिस्तारै विकेन्द्रित बन्न थालेकोप्रति चिन्ता व्यक्त गर्दै मन्त्री बुढामगरले एकताबद्ध भएर विद्यमान समस्याको हल खोज्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

त्यस्तै, वनमन्त्री चर्तीमगरले मगर संघ, कास्कीले गरेको सम्मानले थप जिम्मेवारबोध गराएको भन्दै जनमुखी कामलाई आफूले प्राथमिकतामा राखेको बताउनुभयो । मगर समुदायको मुद्दा सम्बोधनका लागि एकताबद्ध भएर खबरदारी गर्नु जरुरी रहेको जनाउँदै प्रदेश सरकारले गर्न सक्ने कामका लागि जुनसुकै बेला पनि तयार रहेको उल्लेख गर्नुभयो।

नेपाल मगर संघका केन्द्रीय सल्लाहकार बालकृष्ण काउछामगरले गण्डकी प्रदेशमा मगर समुदायको बाहुल्यता रहेको भन्दै दुई जना मन्त्री मगर समुदायबाट बन्नु पनि गौरवको विषय भएको बताउनुभयो।

नेपाल मगर संघ, कास्कीकी अध्यक्ष संगीता पुनमगरको अध्यक्षतमा भएको कार्यक्रममा उपाध्यक्ष बुद्धिमाया थापामगर र सचिव रामबहादुर थापामगरले मगर संघ, कास्कीको भवन पुनर्निर्माणका लागि सहयोग गर्न मन्त्रीद्वय समक्ष आग्रह गर्नुभएको थियो।

# पति वियोगकी सुत्केरी सम्झनालाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ साउन**


पोखरा-५ माछापुच्छ्रे मार्ग डेरा गरी बस्ने रोल्पा जिल्ला थवाङ गा.पा. स्थायी निवासी सम्झना रोकालाई सहयोग गर्ने क्रम बढेको छ।

पोखरा महानगरपालिका वडा नं. ५ वडा कार्यालयको सम्पर्कमा सहयोगको अपेक्षा गर्दै आएकी सम्झना रोकाको सुत्केरी भएको १४ दिनको दिनमा जण्डिसका कारणले पतिको दुःखद निधन भएपछि पति वियोगसँगै आपतमा परेकी थिइन्। मजदुरी पेशा डेराको बसाई ८ वर्षको नावालक छोरा र भर्खरै अर्को छोरा जन्माएकी आलो सुत्केरी अवस्था, सम्झनाको जीवनमा आइपरेको विपत्ती कहाली लाग्दो छ। वडा नं. ५ कार्यालयबाट ५ हजार बराबरको खाद्यान्नसँगै एकल महिला संस्था जुना केसीको पहलमा नगद रु. २ हजार १ सय र खाद्यान्न सहयोग भएको छ। पोखरा ६ का भरतराज अधिकारीबाट १५ हजार, पोखरा ९ का कमल नेपालीबाट ५ हजार २०, विष्णुचन्द्र कोइराला पोखरा ५ बाट ६ हजार १, रामराज शाही पोखरा ५ बाट ३ हजार १, स्वामी योगानन्दबाट ३ हजार, शिवराम भण्डारीबाट ५ हजार र डा. तारा कोइराला पोखरा ६ बाट १० हजार सहयोग भएको छ । पोखरा म.न.पा.वडा नं. ५ बाट सहयोगका लागि समन्वय भएकोमा आफू पिडामा भएपछि सबै सहयोगताप्रति धन्यवाद व्यक्त गरेकी छन् सम्झनाले।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# मास्क लगाउने अभियान

कोरोना संक्रमणबाट नागरिकलाई जोगाउन सरकारले आइतबारदेखि 'नेपाल मास्क सप्ताह' सुरु गरेको छ । सरकारले तीन महिना भित्र एक तिहाइ जनसंख्यालाई खोप लगाउने वाचा गरेको थियो । प्रधानमन्त्री शेर बहादुर देउवाले प्रतिनिधिसभामा विश्वासको मत लिँदा सरकारको प्राथमिकता खोप, खोप, खोप भएको बताएका थिए । सरकारले खोप अभियान चलाउनुपर्ने बेला मास्क लगाउने अभियान चलाएका छन । यो अभियानमा सबै नागरिकलाई स्वास्थ्य सामग्री उपलब्ध गराउने र मास्क प्रयोगलाई अनिवार्य गराउने लक्ष्य छ। कोरोनाको तेस्रो लहर फैलन सक्ने भएकाले समयमै सचेत गराउनु आवश्यक छ ।

यो अभियानमा सबै तह र नागरिकको पनि साथ चाहिन्छ । यसको लागि स्थानीय तहलाई परिचालन गर्नुपर्छ । स्वास्थ्य मन्त्रालयले कोरोनाको तेस्रो लहर आउने चेतावनी दिएको छ।तेस्रो लहरको संक्रमण र मृत्युदरलाई केही हदसम्म रोक्न नागरिक सचेतनाले सकिन्छ। यसअघि पनि स्वास्थ्य मापदण्ड प्रयोग नगर्दा नै कोरोनाले महामारीको रूप लिएको हो । अब मास्कको अनिवार्य प्रयोग र अन्य स्वास्थ्य मापदण्ड अपनाए पहिले जस्तो मानवीय र आर्थिक क्षति नेपालले भोग्नु पर्दैन। अहिले धेरै नेपाली नागरिकले कोरोनाको खोप लगाउन पाएका छैनन् । खोप लगाउन पाएमा एक पटक संक्रमित भएर निको हुन्छ । अब संक्रमित भइँदैन भन्ने भ्रम पनि छ ।

कतिले त खोप लगाएपछि स्वास्थ्य मापदण्ड नअपनाए पनि हुन्छ भन्ने गरेका छन । जनतामा परेको भ्रम हटाउनु अहिलेको प्रमुख काम हो । खोप लगाएपछि संक्रमण हुनबाट रोकिदैन । एक पटक लागेपछि पुन संक्रमित भइन्नँ भन्ने पनि तथ्य होइन । त्यसकारण अब मास्कको प्रयोग जरुरी छ। यस अघि अपनाउँदै आएका सबै नियम अब पनि अपनाउनै पर्छ । संक्रमण फैलिएर चरम अवस्था पुग्दा आत्तिने अनि, निषेधाज्ञा र लकडाउन गर्दा मात्रै सचेत बन्ने प्रबृत्ति छ।अन्य समय बेवास्ता गर्दा कोरोना महामारीको चरण चरण आइरहेको छ । मानिसले कुरा गर्दा, गाउँदा, खाँदा वा खोक्दा बन्ने श्वासप्रश्वासका थोप्लामार्फत कोरोना संक्रमण फैलिन्छ । व्यक्तिहरूको शरीरभित्र कुनै पनि लक्षणबिना पनि भाइरस रहेको हुनसक्छ । मास्कले कोरोनाका छिटाहरू फैलिन नदिइ अन्य व्यक्तिमा सर्नबाट रोक्ने काम गर्दछ । त्यसैले मास्क एक भए पनि यसको फाइदा अनेक छन् ।

बाहिरी वातावरणमा रहेका सूक्ष्म जैविक कणहरूबाट मास्क लगाउने व्यक्तिलाई सुरक्षा प्रदान गर्छ । हेर्दा सामान्य भए पनि यसको गूण धेरै छन् । अहिले मास्क सबै स्थानमा सर्वसुलभ रूपमा पुऱ्याउनु सरकारको काम हो । विभिन्न स्थानमा मास्क वितरण अभियान पनि भइरहेका छन् । अब मास्कलाई हामीले लगाउने लुगासरह आफैं अनिवार्य गर्नुपर्छ । सरकारले पनि सप्ताहव्यापी अभियान नै चलाएको छ। प्रहरीले 'तपाईको मास्क खोई ?' जस्ता अभियान जारी राखेको छ। यो अभियान चलाउँदा गुणस्तरीय र उचित मुल्य पनि निर्धारण हुनुपर्छ । अभियानको नाममा बढी मुल्य लिने र गुणस्तरमा ध्यान नदिने प्रबृत्ति हटाउनुपर्छ । कोरोनाका नयाँ नयाँ भेरियन्ट देखिन थालेको बेला मास्क लगाउन प्रचार र चेतना बढाउन सघाउ पुऱ्याउँछ ।नागरिकलाई पआफ्नो स्वास्थ्यका लागि न आफै सचेत बन्न पनि प्रेरित गर्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : आर्थिक समस्या |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एक वर्षमै लटरम्म फल्न थाले स्याउ : ढुवानी गर्न बारीभित्रै हेलिप्याड

–दीपक श्रेष्ठ
गोखरा, २५ साउन (रासस)

उत्तरी गोरखाका नामरुङमा बेर्ना सारेको एक वर्षमै स्याउ फल्न शुरु गरेको छ । गण्डकी प्रदेश सरकारले किसानको आयआर्जन वृद्धिका लागि गत वर्ष अनुदानमा वितरण गरेको इटालियन जातको उन्नत बेर्ना वितरण गरेको थियो ।

चुमनुब्रीगाउँपालिका-४ स्थित नामरुङको पोरमा लगाइएको करिब चार हजार भन्दा बढी बोटमा स्याउ फल्न थालेको वडाध्यक्ष पेमाडुन्डुप लामाले जानकारी दिनुभयो । चुमनुब्रीकिसान समूहलाई गत वर्षका असारमा प्रदेश सरकारले उपलब्ध गराएको इटालियन जातको गोल्डन, फुजी, गाला, रेड डेलिसेस र किङग डेलिसेस जातका बिरुवाले एकै वर्षमा राम्रो उत्पादन दिन थालेको छ, उहाँले भन्नुभयो, "गत वर्षको असारमा बेर्ना सारिएको थियो, अहिले बोटमा रातामै फलेको छ ।" त्यहाँ स्थानीय किसान मिलेर समूहमा व्यावसायिक स्याउ खेती गर्न शुरुआत गरेका थिए । प्रदेश सरकारको ७० प्रतिशत अनुदानमा कूल चार हजार ३७० बोट स्याउ रोपिएको वडाध्यक्ष लामाले जानकारी दिनुभयो । "रोपिएकामध्ये ११४ बोट हुर्किएनन् । अरु सबै बोट राम्रोसँग हुर्किएका छन"्, उहाँले भन्नुभयो,"पहिलो वर्षमानै सोचे भन्दा धेरै राम्रो फलदिन थालेको छ ।" एउटै बोटमा २० केजीसम्म स्याउ फलेको उहाँको भनाइ छ । नयाँ र कलिला बोटले धान्न नसक्ने भएपछि छाँटकाँट शुरु गरिएको छ । "अहिले एउटा बोटमा पाँच केजीसम्म बढी फलेका छन्, वडाध्यक्ष लामाले भन्नुभयो, "साना बोटले त्यो भन्दा बढी धान्न नसक्ने भएपछि दाना टिपेर फाल्नु पऱ्यो ।"

स्याउलाई वन्यजन्तुबाट जोगाउन तारबार गरिएको र स्याउ फार्मभित्र अहिले दैनिक आठले नियमित रुपमा काम गर्दै आएका छन् । इटालीबाट ल्याइएका ती विरुवा खच्चडबाट उत्तरी गोरखामा ढुवानी गरेर पुऱ्याएको थियो । सो क्षेत्रमा स्थानीय जातको स्याउ उत्पादनहुँदै आएको भए तापनि विदेशी जातको स्याउ उत्पादन भने पहिलो पटक भएको बताइएको छ ।

'परीक्षणका लागि पनि भने फरक प्रजातीको स्याउ खेती गरिएको शुरु गरिएको थियो, उहाँले भन्नुभयो, "स्याउले पहिलो वर्ष नै राम्रोसँग फलदिएकाले राम्रो आम्दानी हुन्छ भन्ने किसानको विश्वास छ ।" स्थानीय किसान मिलेर पोरमा गत वर्षदेखि करिब १०० रोपनीमा अहिले स्याउखेती गरेका थिए । "करिब ३०० रोपनीजग्गा स्याउ खेतीका लागि भाडामा लिइएको छ", उहाँले भन्नुभयो, "बेर्नाको अभावका कारण तत्काललाई सय रोपनी क्षेत्रफलमा बेर्ना लगाइएको थियो, बाँकी जमिनमा पनि बेर्ना थप्दै जाने योजनामा किसान छन् ।" सडक सञ्जालले नछोएको उत्तरी गोरखामा उत्पादन हुने स्याउलाई बजारसम्म पुऱ्याउनका लागि भने ढुवानी समस्या रहदै आएको छ ।

उत्पादित स्याउलाई समयमा बजारसम्म लैजान खच्चड र हेलिकप्टर बाहेकको विकल्प छैन । ' खच्चडमार्फत बजारसम्म लैजान काठको बाकस बनाउन थालिएको किसानको भनाइ छ । हेलिकप्टरमार्फत ढुवानी गर्न मिल्ने गरी स्याउबारीभित्रै हेलिप्याड निर्माण गरिएको छ, उहाँले भन्नुभयो, "बजारमा पुऱ्याउन नसक्ने अवस्था भएमा स्याउलाई लामो समयसम्म ताजा राख्नका लागि शीतभण्डारको समेत निर्माण भइरहेको छ । त्यहाँ उत्पादन भइरहेको गोल्डन, फूजी, गाला, रेड डेलिसेस र किङ्ग डेलिसेस नेपाली बजारमा प्रति केजी रु ३०० देखि ५०० सम्ममा बिक्री हुँदैआएको छ । चुमनुब्रीकिसान समूहले भने पहिलो पटकको उत्पादन गरिएको इटालियन जातको स्याउ गोरखा र छिमेकी जिल्लामा प्रति केजी रु २५० मा बिक्रीगर्ने लक्ष्य राखेको उहाँले बताउनुभयो ।

समूहले करिब रु एक करोड २० लाख का लागतमा गत वर्षदेखि स्याउखेती शुरु गरेको थियो । स्थानीयवासी लाक्पा डुन्डुप लामासहित सातजनाको टोलीले नामरुङका पोरमा जमिन भाडामा लिएर व्यवसायिक खेती सुरु गरेको थियो ।

# टोकियो ओलम्पिक सम्पन्न, ३३औँ ग्रीष्मकालीन ओलम्पिक पेरिसमा हुने

रासस
काठमाडौं, २५ साउन

जापानका राजधानी टोकियोमा जारी ३२औँ ग्रीष्मकालीन ओलम्पिक खेलकुद प्रतियोगिता सम्पन्न भएको छ। अब ३३औँ ग्रीष्मकालीन ओलम्पिक आगामी तीन वर्षपछि फ्रान्सको राजधानी पेरिसमा हुनेछ ।

कोरोना भाइरसको महामारीका कारण सन् २०२० मा आयोजना हुनुपर्ने टोकियो ओलम्पिक एक वर्ष ढिला भएको हो । जापानले कोरोना महामारीकै बीच ३२औँ गृष्मकालीन टोकियो ओलम्पिक सफलतापूवर्क सम्पन्न गरेको छ । विश्व खेलकुदको कुम्भमेला मानिने ओलम्पिक प्रत्येक चार/चार वर्षमा हुँदै आएकामा यस वर्ष पाँच वर्षमा आयोजना भएको हो । टोकियो ओलम्पिकमा कोरोनाका कारण मैदानमा दर्शकलाई अवलोकनको अनुमति दिइएको थिएन ।

टोकियो ओलम्पिकमा कूल २०५ देशका ११ हजार ३०० खेलाडीले भाग लिएका थिए । खेलाडीले कूल ३३ खेलमा ३४० स्वर्ण, ३३८ रजत तथा ४०२ कास्य पदकका लागि प्रतिस्पर्धा गरेका थिए । उद्घाटन समारोहमा नेपालको झण्डा पौडी खेलाडी गौरिका सिंह र एलेक्स शाहले बोक्नुभएको थियो भने समापनमा स्वयंसेवकले बोकेका थिए । टोकियो ओलम्पिकमा ९३ देश पदक जित्न सफल रहे । नेपालसहित ११२ देश पदकविहीन बन्न पुगे । टोकियो ओलम्पिकमा ६५ देशले मात्र स्वर्ण पदक चुम्न पाए । टोकियो ओलम्पिकमा अमेरिका पदक तालिकाको शीर्ष स्थानमा रहन सफल भयो भने चीन दोस्रो तथा आयोजक जापान तेस्रो स्थानमा रहन पुग्यो । अमेरिकाले ३९ स्वर्ण, ४१ रजत र ३३ कास्यसहित ११३ पदक प्राप्त गर्न सफल भयो । यस्तै चीनले ३८ स्वर्ण, ३२ रजत र १८ कास्यसहित ८८ पदक तथा आयोजक जापानले २७ स्वर्ण, १४ रजत र १७ कास्यसहित ५८ पदक प्राप्त गरेको छ ।

यसैगरी पदक तालिकामा बेलायत २२ स्वर्ण, २१ रजत र २२ कास्यसहित चौथो, रसियन ओलम्पिक कमिटी २० स्वर्ण, २८ रजत र २३ कास्यसहित पाँचौं, अस्ट्रेलिया १७ स्वर्ण, सात रजत र २२ कास्यका साथ छैटौं, नेदरल्याण्डस् १० स्वर्ण, १२ रजत र १४ कास्यसहित सातौं, फ्रान्स १० स्वर्ण, १२ रजत र ११ कास्यसहित आठौं, जर्मनी १० स्वर्ण, ११ रजत र १६ कास्यका साथ नवौं तथा इटली १० स्वर्ण, १० रजत र २० कास्यपदकका साथ १०औं स्थानमा रहे ।

दक्षिण एशियाली मुलुकमध्ये भारतले एक स्वर्ण, दुई रजत तथा चार वटा कास्य पदक जित्यो । दक्षिण एशियाका अन्य कुनै पनि देशले पदक प्राप्त गर्न सकेनन् । टोकियो ओलम्पिकमा नेपालबाट चार खेलका पाँच खेलाडीले प्रतिस्पर्धा गर्नुभएको थियो । अरु ओलम्पिकजस्तै टोकियोमा पनि नेपाली खेलाडी सहभागितामै सीमित रहनुभयो । पौडीकी गौरिका सिंह र एलेक्स शाह तथा सुटिङकी कल्पना परियारले भने राष्ट्रिय कीर्तिमान बनाउनुभयो । जुडोकी सोनिया भट्ट र एथ्लेटिक्सकी सरस्वती चौधरीको प्रदर्शन भने सामान्य रह्यो । सुटिङकी कल्पना परियारले महिला १० मिटर एयर राइफल स्पर्धामा ६१६ दशमलव आठ अङ्क बनाउँदै राष्ट्रिय कीर्तिमान बनाउनुभएको थियो । परियारले त्यसअघि नेपालमा भएको १३औँ दक्षिण एसियाली खेलकुद (साग) मा ६१४ दशमलव पाँच अङ्क बनाउनुभएको थियो । त्यो बेला पनि परियारले महिला १० मिटर एयर राइफलतर्फ राष्ट्रिय कीर्तिमान बनाउनुभएको थियो । परियार सागमा चौथो हुनुभएको थियो । नेपाली सेनाको त्रिभुवन आर्मी क्लबकी खेलाडी उहाँ वाइल्ड कार्ड प्राप्त गर्दै ओलम्पिकमा छनोट हुनुभएको हो । पौडी खेलाडी एलेक्स शाहले टोकियोमा आफ्नै राष्ट्रिय कीर्तिमान भङ्ग गर्नुभयो । पुरुष १०० मिटर फ्रिस्टाइलमा उहाँले निर्धारित दूरी ५३ दशमलव ४१ सेकेण्डमा पूरा गर्नुभयो । त्यसअघि उहाँको नाममा ५४ दशमलव १३ सेकेण्डको राष्ट्रिय कीर्तिमान थियो । शाहले सो कीर्तिमान नेपालमा सम्पन्न १३औँ दक्षिण एसियाली खेलकुद (साग) मा बनाउनुभएको थियो ।

यसैगरी पौडीकै गौरिका सिंहले पनि टोकियो ओलम्पिकमा आफ्नो कीर्तिमानमा सुधार गर्नुभयो । उहाँले महिला १०० मिटर फ्रिस्टाइलमा एक मिनेट ११ सेकेण्डको कीर्तिमान बनाउनुभयो । त्यसअघि सिंहले १३औँ दक्षिण एसियाली खेलकुद (साग)मा एक मिनेट ५६ सेकेण्डको कीर्तिमान बनाउनुभएको थियो । टोकियो ओलम्पिकमा उहाँ अर्को चरणमा भने पुग्नसक्नु भएन ।

यसैगरी एथलेटिक्स खेलाडी सरस्वती चौधरी पहिलो चरणबाटै बाहिरिनुभएको थियो । महिला १०० मिटर दौड उहाँले १२ दशमलव ९१ सकेण्डमा पूरा गर्नुभएको थियो । उहाँले आफ्नै प्रदर्शनमा समेत सुधार गर्नुसक्नुभएन । त्यसअघि चौधरीले १०० मिटर दौड पूरा गर्न १२ दशमलव ५५ सकेण्ड खर्चिनुभएको थियो । यस्तै जुडोकी सोनिया भट्ट पहिलो चरणमै रसियन खेलाडीसँग पराजित हुनुभयो ।

यही साउन ८ गतेदेखि शुरु भएको टोकियो ओलम्पिक १९ दिनसम्म सञ्चालन भएको थियो । सन् १९६४ मा पहिलो पटक ओलम्पिक आयोजना गरेको जापानले ५७ वर्षपछि पुनः ओलम्पिक आयोजना गरेको हो ।

# अवकाशपछि कृषि व्यवसायमा लाग्छु : प्रधानसेनापति थापा

रासस
लमजुङ, २५ साउन

नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापाले बैंसीशहर नगरपालिका-२ बगाले गाउँमा निर्माण भएको नेपाली सेना कृषि विज्ञान संस्थानको उद्घाटन गर्नुभएको छ ।

प्रधानसेनापति थापाले आज नेपाली सेनाको कल्याणकारी योजनाअन्तर्गत सैनिक कल्याणकारी कोषद्वारा निर्माण गरिएको नेपाली सेना कृषि विज्ञान संस्थानको उद्घाटन गर्दै उहाँले आधुनिक र वैज्ञानिक कृषि विस्तार गरी देशको अर्थतन्त्रमा योगदान दिन कृषि विज्ञान संस्थानको स्थापना गरिएको बताउनुभयो ।

प्रधानसेनापति थापाले अवकाशपछि नेपाली सेनालाई कृषि तथा पशुपालनमा दक्ष बनाएर गाउँघरमै परिवारसँग बसेर स्वरोजगार बन्न कृषि विज्ञान संस्थानले सीप सिकाएर पठाउने बताउनुभयो । प्रधानसेनापति थापाले त्रिभुवन विश्व विद्यालयको मापदण्डअनुसार विएस्सी एजी सञ्चालन गरिने र त्यसमा सैनिकका छोराछोरी तथा सर्वसाधरण नागरिकका छोराछोरीले पनि पढ्ने अवसर पाउने भएकाले आधुनिक नेपाल निर्माण गर्ने जनशक्ति उत्पादन हुने बताउनुभयो । उहाँले कृषिमा लमजुङलाई 'हव' बनाउन कलेजले महत्वपूर्ण भूमिका निभाउने बताउनुभयो ।

शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले शिक्षा क्षेत्रमा लगानीअनुसार प्रतिफल प्राप्त नभइरहेका बेला नेपाली सेना कृषि विज्ञान संस्थानबाट उत्पादन हुने जनशक्तिले कृषिको व्यावसायिकीकरण र आधुनिकीकरणमा महत्वपूर्ण योगदान दिने बताउनुभयो । कायम मुकायम प्रधानसेनापति प्रभुराम शर्माले राष्ट्रिय सुरक्षा नीतिमा खाद्य सुरक्षा उल्लेख भएकाले कृषि तथा पशुपालनमा दक्ष जनशक्ति उत्पादन भई त्यसबाट प्राप्त हुने सीपले नेपाली सेना अवकाशपछि विदेशमा गएर दुःख गर्नुपर्ने अवस्था नआउने बताउनुभयो ।

अहिलेसम्म नेपाली सेनाका सक्कल दर्जा र हितधिकारी गरी १२० ले प्रि-डिप्लोमा, प्लान्ट साइन्स र एनिमल साइन्सको तालीम लिइरहेका छन् भने आगामी शैक्षिकशत्रदेखि विएस्सी एजीको अध्ययन हुने सहायक प्रिन्सिपल विनोद घिमिरेले जानकारी दिनुभयो । बैंसीशहर नगरपालिकका प्रमुख गुमानसिंह अर्याल, प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेल, श्रीजङ्ग गणका गणपति जयराम थापा, प्रहरी नायब उपरीक्षक कृष्णबहादुर कार्कीलगायत उपस्थिति थियो ।

उक्त कोषबाट भ्याट बाहेक रु १३ करोड लगानीमा उक्त संस्थानको संरचना निर्माण भएको छ । करिब ४०० रोपनी क्षेत्रफल रहेको नेपाली सेना कृषि विज्ञान संस्थानको जग्गामध्ये २० प्रतिशतमा भौतिक पूर्वाधार, ५० प्रतिशतमा कृषि र ३० प्रतिशत क्षेत्रफलमा पशुपालन हुने भएको छ । नेपाली सेना कृषि विज्ञान संस्थानमा हाल यहाँ बङ्गुर, गाइ, कुखुरा, बाख्रापालन गरिएको छ भने कागती, कफी, चियापती, तरकारी खेतीलगायत कार्यक्रम अघि बढाइएको छ । नेपाली सेनाले यसरी तालिम केन्द्र हुँदै विएस्सी एजीसम्मको अध्ययन हुने नेपाली सेना कृषि विज्ञान संस्थान सञ्चालन गरेको नेपालकै पहिलो हो । विसं २०७५ वैशाखदेखि भौतिक पूर्वाधार निर्माण शुरु भएको थियो । प्रशासनिक भवन, १४ जना अट्ने शिक्षक क्वाटर, ल्याब, लाइबेरी, छात्राका लागि होस्टेललगायत संरचना निर्माण सम्पन्न भएको छ । निर्माणको जिम्मा वुद्ध कन्ट्रक्सन कम्पनी प्रालि काठमाडौंले लिएको थियो ।

# सामुदायिक वनबाट ३३ लाख घरधुरीहरू लाभान्वित

रासस
काठमाडौं, २५ साउन

वन तथा वातावरण मन्त्रालयले प्रत्येक वर्ष साउन २५ गतेलाई सामुदायिक वन राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय गरेअनुरुप नेपालभर वन संरक्षणसम्बन्धी विविध कार्यक्रम गरी हरेक वर्ष सामुदायिक वन दिवस मनाउँदै आएको छ ।

वन उपभोक्ता समूहले सामुदायिक हितका लागि वनको संरक्षण, विकास र व्यवस्थापन गरी प्रकृतिको संरक्षणका साथै राष्ट्रिय समृद्धिमा योगदान गरिरहेको सन्दर्भमा यस वर्ष 'सामुदायिक वनको सम्पत्तिः समृद्धि, प्रकृति र संस्कृति' भन्ने नारा तय गरिएको मन्त्रालयले जनाएको छ ।

स्थानीय समुदायको सहभागितामा राष्ट्रिय वनको व्यवस्थापन गर्ने नेपाल सरकारको नीतिअनुरुप करिब चार दशकअगाडि सुरु भएको सामुदायिक वन विकास कार्यक्रम नेपालको वन क्षेत्रको एक महत्वपूर्ण कार्यक्रम हो । नेपालमा हाल मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रमा समेत गरी करिब २३ हजार पाँच सय सामुदायिक वन उपभोक्ता समूहले करिब २६ लाख हेक्टर राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र उपयोग गरिरहेका छन् । त्यसबाट करिब ३३ लाख घरधुरीहरू लाभान्वित भएका मन्त्रालयका प्रवक्ता डा बुद्धिसागर पौडेलले जानकारी दिनुभयो ।

नेपालले सामुदायिक वन व्यवस्थापनबाट प्राप्त गरेका सफलता विश्वमा नै उदाहरणीय मानिएको छ । सामुदायिक वनलगायत समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमले नेपालमा हरियाली वृद्धि गर्न, वनको हैसियतमा सुधार ल्याउन, जैविक विविधता संरक्षणमा योगदान गर्न र जलाधार संरक्षण गर्न सहयोग गरेको छ । यस कार्यक्रमबाट स्थानीय समुदायको जीविकोपार्जन सुधार, स्थानीय सामुदायिक विकास, नेतृत्व विकास तथा लैङ्गिक र सामाजिक समावेशीकरणमा उल्लेखनीय योगदान पुगेको मन्त्रालयको ठम्याइ छ । यो उपलब्धि र सफलता सबैको सामूहिक प्रयासबाट मात्र सम्भव भएको हो ।

सामुदायिक वनको व्यवस्थापनबाट स्थानीय समुदायको वन पैदावारको आवश्यकता पूरा गरी जीविकोपार्जन सुधार साथै उत्पादनमुखी वन व्यवस्थापन र उद्यमशीलताको विकास गरी रोजगारी सिर्जना र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने अवसर मन्त्रालयको भनाइ छ । विगत चार दशकभन्दा लामो समयको उपलब्धि, अनुभव र सिकाइका आधारमा सामुदायिक वनलगायत सबै वन व्यवस्थापन पद्धतिहरूलाई आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टिले सबल बनाई वन स्रोतको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी प्राप्त लाभको न्यायोचित वितरण गर्दै दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ ।यसबाट जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम गर्न र सुशासन प्रवर्द्धन गर्ने दिशामा तिनै तहका सरकारका साथै गैरसरकारी क्षेत्र, निजी क्षेत्र र विकास साझेदार लगायतका सरोकारवालाको आगामी दिनमा समेत निरन्तर सहयोग, समन्वय र सहकार्य हुने मन्त्रालयको अपेक्षा छ ।

# अर्बालाई धार्मिक पर्यटकीय क्षेत्र बनाइने

**–वासुदेव पौडेल**
**गण्डकी, २५ साउन**

दुई शताब्दीभन्दा अघिदेखि अस्तित्वमा आएको पोखरा महानगरपालिका-१३ आर्वास्थित महाप्रभुधाम, मणिद्विपलगायत धार्मिकस्थललाई समेटेर धार्मिक पर्यटकीयको रूपमा विकास गरिने भएको छ।

यहाँको पर्याप्त धार्मिकस्थलका प्रचारप्रसार हुन नसकेको अवस्थामा सङ्घ, प्रदेश र स्थानीय तहले धार्मिक पर्यटकीय विकासका लागि ध्यान दिनुपर्ने महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका अध्यक्ष धर्मराज बरालल बताउनुहुन्छ।

पोखराको मुख्य बजारबाट नजिकै रहेको आर्वा प्राचीन धार्मिक एवं ऐतिहासिकस्थल भएर पनि उचित प्रचारप्रसार र भौतिक पूर्वाधार विकासको अभावमा ओझेलमा परेको उहाँको भनाइ छ। यहाँ आउने पर्यटकले पोखरा उपत्यकाको दृश्यावलोकनसहित अन्नपूर्णदेखि लमजुङ हिमालसम्मका रमणीय दृश्य एकसाथ नियाल्न पाउनाका साथै ऐतिहासिक एवं धार्मिक पक्ष प्रत्यक्ष अवलोकन गर्न पाउँछन्। महाप्रभुधाम, मणिद्विपलगायत स्थानको प्रचारप्रसार एवं पूर्वाधार विकास गर्न सके यो क्षेत्रलाई धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्यका रुपमा विकास गर्न सकिने उहाँको भनाइ छ । आजभन्दा झण्डै दुई सय वर्षअघि स्वर्गद्वारीबाट महाप्रभु आएर यहाँ दुई महिनासम्म यज्ञ गरेर मनोकांक्षा पूरा गर्नुभएकाले यहाँको गरिमा बढेको बताइन्छ । अध्यक्ष बरालकानुसार तत्कालीन समयमा महाप्रभुहरूले यज्ञ गरेका कुण्ड अझै सुरक्षित रहनाका साथै वरपरका गुफा, गणेश तथा शिवजीको मन्दिर, रतन पाण्डे थान आदि धार्मिक एवं ऐतिहासिकस्थल पनि छन् । प्रत्येक वर्ष धान रोप्ने र भित्र्याउने समयमा रतन पाण्डे स्थलमा आर्वालीले श्रद्धापूर्वक पूजाआजा गर्ने प्रचलन रही आएको छ। पूजाका दिन आर्वा क्षेत्रमा हलो नचल्ने प्राचीन प्रचलन अझै पनि कायमै छ।

महाप्रभुधामसँगै यहाँको अर्को धार्मिक पर्यटकीयस्थल मणिद्विप हो । आर्वामा बस्ती स्थापना हुँदा गाउँको पूर्वमा मणिद्विप नागेश्वर महादेव स्थापना गरिएको थियो । स्थानीयवासीका अनुसार शक्तिशाली शक्तिपीठका रुपमा रहेको यस मन्दिरमा धेरै पटक नाग प्रकट भएको थियो ।

मन्दिरमा भक्तिपूर्वक पूजा गर्दा निःसन्तान दम्पतीलाई सन्तान प्राप्त भएकाले टाढाटाढाबाट दर्शनार्थी आउने गरेको स्थानीयवासी बताउँछन् । नागको दोषका कारण स्वास्थ्यलगायत समस्यामा परेका व्यक्ति पनि यहाँ आएर श्रद्धाभक्तिपूर्वक पूजाआजा गरेर फर्केपछि समस्याबाट मुक्त भएको विश्वास अझै यहाँका बासिन्दा गर्छन् । प्राचीनकालदेखि नै सन्यासी बस्दै आएको यस स्थानको खरले छाएको मन्दिर २०६२ सालमा पुनःनिर्माण गरिएको तत्कालीन मन्दिर निर्माण समितिका सञ्चार संयोजक शिरोमणि बराल बताउनुहुन्छ।

उहाँका अनुसार २०६३ सालमा हरिद्वारका महामण्डलेश्वरसहित विशिष्ट व्यक्तिको उपस्थितिमा मणिद्विपमा महायज्ञ गरी उक्त मन्दिरमा नर्मदा नदीबाट ल्याइएको शिलाको प्राण प्रतिष्ठा गरिएको थियो। प्रतिष्ठापनका बेला शिलामा लामो समयसम्म पसिना आएको स्थानीयवासीको भनाइ छ।

त्यसयता ती धाम तथा द्विपमा प्रत्येक वर्ष बालाचतुर्दशीका दिन मेला लाग्ने तथा शतबीज छर्ने प्रचलन छ । शिलाको प्राणप्रतिष्ठा भारतबाट आएका १००८ स्वामी बालसन्त महामण्डलेश्वर रामेश्वरजी महाराज, १००८ स्वामी सोमेश्वरजी महाराज, १००८ स्वामी विष्णुराजजी महाराज, स्वामी सुतिक्षणजी महाराजलगायत सन्तमहन्तले गर्नुभएको थियो।

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले आज आर्वा क्षेत्रको अवलोकन गर्नुभएको छ। धाम, र द्विप तथा यहाँका दुर्गा, महाकाली, र राधाकृष्ण मन्दिरलगायत धार्मिकस्थललाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने उहाँको भनाइ छ। यहाँका धार्मिक एवं ऐतिहासिकस्थलको दीर्घकालीन विकासका लागि गुरुयोजना तयार गरी अघि बढाउनुपर्ने र त्यसका लागि प्रदेश सरकारकातर्फबाट आवश्यक साथ र सहयोग दिइनेमा मन्त्री कँडेल जोड दिनुहुन्छ।

# वालिङका २५६ खरका छाना हटाएर जस्तापाता

**पोखरापत्र संवाददाता**
**वालिङ, २५ साउन**

स्याङ्जाको वालिङ नगरपालिकाले हालसम्म २५६ खरका छाना विस्थापित गरी जस्तापाता लगाइदिएको छ । वालिङ नगरपालिका तथा सङ्घीय आयोजना कार्यान्वयन एकाई अन्तर्गतको सुरक्षित नागरिक आवास कार्यक्रममार्फत खरका छाना विस्थापित गरी जस्तापाता लगाइएको हो।

वालिङ नगरकार्यपालिकाको पाँचौं नगरसभाले नगरभित्रका खरका छाना हटाएर जस्तापाता लगाउने नीति तथा कार्यक्रम पारित गरेसँगै आर्थिक वर्ष २०७६/७७ देखि कार्यान्वयनमा आएको यो अभियान अन्तर्गत हालसम्म २५६ खरका छाना हटाएर जस्तापाता लगाइएको नगर प्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो । स्वास्थ्यका दृष्टिले जस्तापाता भन्दा खरको छानो उपयुक्त हुँदाहुँदै पनि आगलागीको सम्भावना तथा छाना छाउने दक्ष कामदारको अभावका कारण नगरपालिका तथा सुरक्षित नागरिक आवास कार्यक्रममार्फत जस्तापाता लगाइएको नगर प्रमुख खाँणले बताउनुभयो । "कतिपय नागरिक खरको छाना फेरेर जस्तापाता लगाउन सक्ने अवस्थामा पनि हुनुहुन्न", नगर प्रमुख खाँणले भन्नुभयो, "खरका छाना भएका नागरिकलाई समाजमा हेर्ने प्रवृत्ति पनि फरक हुने गरेकाले उहाँहरुको मागका आधारमा जस्तापाता लगाइदिँदै आएका छौं ।" छाना विस्थापनका लागि माग भई आएका नागरिकलाई आवश्यक प्रक्रिया पूरा गरी जस्तापाता वितरण गर्ने र वालिङलाई खरका छानारहित बनाउनका लागि बाँकी रहेका घरलाई यसै वर्षमा सम्पन्न गर्ने गरी अगाडि बढिएको नगर प्रमुख खाँणले बताउनुभयो। वालिङ नगरपालिकामा हालसम्म खरको छाना विस्थापनका लागि ४३१ घरले आवेदन दिएकामध्ये सुरक्षित नागरिक आवासका कार्यक्रमका लागि २५४ मध्ये २४० घरधुरीले मात्रै सम्झौता गरेर निर्माण थालेका नगर प्रमुखको सचिवालयका सचिव छबि आलेले बताउनुभयो।

"आवेदन दिएकामध्ये सबै घरले सम्झौता गर्नुभएको छैन", आलेले भन्नुभयो, "दुई किस्तामा गरेर लाभग्राहीलाई ५० हजार उपलब्ध गराउँछौं ।" सुरक्षित नागरिक आवासका लागि सम्झौता भएका २४० घरमध्ये हालसम्म १०६ घरले दोस्रो किस्ता निर्माण सकेपछि लगेका छन् । हालसम्म वालिङ नगरपालिकाबाट अहिलेसम्म १५० घरले रु ७५ लाख बराबरको जस्तापाता लगेका छन् भने सुरक्षित नागरिक आवास कार्यक्रममार्फत १०६ घरले रु ५० हजार रकम बुझेका आलेले बताउनुभयो । नगरपालिकामा आवेदन दिएका ४३१ घरमध्ये १७५ घर निर्माण हुन बाँकी रहेका छन् । प्रति घरलाई रु ५० हजारका दरले हालसम्म रु एक करोड २७ लाख खर्च भएको आलेले बताउनुभयो।

नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ बाट शुरुआत गरेको अभियानमा गत आर्थिक वर्षबाट सुरक्षित नागरिक आवास कार्यक्रममार्फत सहयोग भएको हो।

खरका छाना भएका घरधनीले सम्बन्धित वडाको सिफारिस, छानोको फोटोसहितको निवेदन नगरपालिका कार्यालयमा दिएपछि प्राविधिकले तयार पारेको लगत ईस्टिमेटका आधारमा जस्तापाता उपलब्ध गराउने प्रक्रिया रहेको आलेले बताउनुभयो। १४ वटा वडा रहेको नगरपालिकाका वडा नं २ मा ३, ३ मा ४८, ४ मा ५२, ५ मा ३९, ६ मा २१, ७ मा ४८, ८ मा २८, ९ मा ६, १० मा १५, ११ मा ९, १२ मा ५६, १३ मा १७ र १४ मा ८९ घरले खरका छाना विस्थापनका लागि नगरपालिकामा आवेदन दिएका थिए।

# बाढीपहिराका कारण गाउँ पुग्न सकस, तुइन सहारा

**–नवीन लामिछाने**
**मनाङ, २५ साउन**

असार १ गते बाढीपहिराले नासो गाउँपालिकामा सबैभन्दा बढी क्षति पुगेको छ। बाढीपहिराले सबैभन्दा बढी क्षति पुऱ्याएको गाउँपालिकाका अध्यक्ष चन्द्र घलेको गाउँ पुग्न नै मुस्किल भएको छ अहिले।

चारैतिर नदी, खोलाले घेरिएको नासों गाउँपालिका-८ ताचै पुग्न ज्यान नै जोखिममा राख्नुपर्ने अवस्था छ। "पानी पर्न अझै पनि रोकिएको छैन, नदी, खोला, खोल्साको बहाव बढ्ने सम्भावना उत्तिकै छ तर गाउँमा पुगेर स्थानीयको सेवा गर्नुपर्ने भएकाले ज्यान जोखिममा राखेर पुग्ने गरेको छु", गाउँपालिका अध्यक्ष घलेले भन्नुभयो।

"टेलिफोन टावर छैन । आवतजावत गर्ने बाटो छैन। विद्युत् छैन । गाउँका केही घर पहिरामा भासिएका छन् । झोलुङ्गे पुल बगाएको छ। सडक छैन", उहाँले भन्नुभयो, "गाउँमा वारपार गर्न चाइनिजले निर्माण गरेको एक मात्रै तुइन सहारा बनेको छ। त्यो पनि जीर्ण अवस्थाको छ। गाउँबाट पालिकासम्म पुग्नसक्ने अवस्था अझैसम्म पनि बनाउन सकेका छैनौं ।" गाउँमा सञ्चार र विद्युत् आपूर्ति नहुँदा अन्धकारमा छ। गाउँपालिकाका केही स्थानका टेलिकम टावर मर्मत तथा सौर्य ऊर्जा जडान गरेर प्रयोगमा ल्याउने प्रयास भइरहेको छ । नासो-८ का वडाध्यक्ष हुपजङ्ग गुरुङ गाउँले मिलेर गोरेटो निर्माण गरे पनि मर्स्याङ्दी नदी वारपार गर्न तुइनबाहेक अरु विकल्प नभएको बताउनुहुन्छ।

"तुइन पनि जीर्ण अवस्थामा छ । जोखिम मोलेर वारपार गरेका छौं। केही दिनसम्म राहतले चलाउला तर सधैं त गाह्रो हुन्छ। ताचैको त पूर्णरुपमा विच्छेद भएका छौं", गुरुङले भन्नुभयो । खिया लागेको लामो समयसम्म नचलेको तुइन प्रयोग गरी मर्स्याङ्दी वारपार गर्नुपर्दा घर फर्किने हो कि होइन भन्ने चिन्ताले सताउने गरेको स्थानीय शेरजङ्ग गुरुङ बताउनुहुन्छ। नासो गाउँपालिका-९ दानाक्युबाट वडा नं ८ ताचै जान अप्पर मर्स्याङ्दी दुई जलविद्युत् आयोजनाले जडान गरेको सामान तार्न तुइन बनाएको हो।

"स्थानीयले बनाउन सक्नेजति त बनाएर सजिलो बनाएका छौं नि। ठूलो नदीलाई त जित्न पनि नसकिने स्थानीय स्रोतसाधनले पनि नभ्याउने रहेछ । जोखिम मोल्दै सरकारको मुख ताकेर बस्नुपर्ने अवस्था छ", उहाँ भन्नुहुन्छ, "सरकारले छिटो बनाइदिए स्थानीयको खुशी फर्किने थियो र अभिभावक रहेको महसुस गर्न पाइन्थ्यो भन्ने लाग्छ के गर्नु ? छिटो सुनुवाइ होस् ताचैवासीको अनि सम्पूर्ण मनाङवासीलाई सजिलो होस्।"

ताचैसँगै यस गाउँपालिकाको वडा नं १ ताल, ३ नं वडाको धारापानी, खोत्रो, ५ नं वडाको थोंचे, ६ र ७ नं वडाको तिल्चे र ९ नम्बर वडाको दानाक्युमा बाढीपहिराले बढी क्षति पुऱ्याएको छ । यी गाउँ एकापसमा सम्पर्क र आवतजावतसमेत गर्नसक्ने अवस्थामा छैनन् । केही स्थानमा गोरेटो बाटो र अस्थायी काठे पुल निर्माण गरी आवतजावतलाई सहज बनाइएको छ । मर्स्याङ्दी नदीमा आएको बाढीले नासोंको प्रशासनिक भवन नै बगाएपछि पूर्णरुपमा विस्थापित भएको छ । अत्यावश्यक सेवा प्रवाह गर्नसमेत समस्या भएको छ। गाउँपालिकाको सेवा नै छिमेकी जिल्ला लमजुङबाट अस्थायी कार्यालय राखेर सेवा प्रवाह भइरहेको छ।

# गल्याङद्वारा किसानलाई १९ लाख अनुदान वितरण

**पोखरापत्र संवाददाता**
**वालिङ, २५ साउन**

गल्याङ नगरपालिकाले किसानलाई अनुदान रकम वितरण गरेको छ । नगरपालिका २ नम्बर वडाको बटुवाका किसानलाई रु १९ लाख ५७५ अनुदानस्वरुप वितरण गरेको नगरपालिकाले जनाएको।

नगरपालिकाले किसानलाई दूधमा प्रति लिटर १५ अनुदान दिएको छ भने गाई पकेट क्षेत्र लागत साझेदारी कार्यक्रम अन्तर्गत पनि अनुदान वितरण गरेको छ । ६६ जना किसानलाई उत्पादनको आधारमा प्रतिलिटर रु १५ का दरले ११ लाख ८६ हजार ५७५ वितरण गरिएको छ भने गाई पकेट लागत साझेदारी कार्यक्रम अन्तर्गत १७ जना किसानलाई जनही ७२ हजारका दरले सात लाख १४ हजार वितरण गरिएको छ।

नगरप्रमुख भुपराज अधिकारीले नगरभित्रका किसान आत्मनिर्भर बन्दै गएको बताउनुभयो। नगप्रमुख अधिकारीले भन्नुभयो, "नगरपालिकाले सञ्चालन गरेको कृषिमा अनुदान कार्यक्रमले किसानलाई कृषि पेशाप्रति आकर्षित गरेको छ ।" यसबाट किसान आत्मनिर्भर बन्दै गएको उहाँको भनाइ छ । नगरप्रमुख अधिकारीले अनुदानको व्यवस्थाले किसान धेरै उत्साहित भएकोले पूर्ण रुपमा आत्मनिर्भर नबन्दासम्म अनुदानको कार्यक्रम यथावत् राख्ने समेत बताउनुभो । कृषिको बजारिकरण हुन सकेमा किसानलाई अझै उत्साह थपिने भन्दै नगरप्रमुख अधिकारीले गल्याङमा उत्पादन भएको कृषि उपजको बिक्रीको ग्यारेण्टी नगरपालिकाले लिएको जानकारी दिनुभयो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्माले अनुदानको व्यवस्थाको सही सदुपयोग गरेर आफ्नो व्यवसायलाई प्रवद्धन गर्ने कार्यमा किसान उत्साहित भएर लागेकोले अनुदान कार्यक्रम प्रभावकारी बन्दै गएको बताउनुभयो।

किसान टीकाकुमारी रानाले दूधमा सबैभन्दा बढी अनुदान प्राप्त गरेको नगरपालिकाका पशुशाखा प्रमुख सुशील अर्यालले जानकारी दिनुभयो । अर्यालका अनुसार रानाले प्रतिलिटर रु १५ अनुदानबापत ६ महिनामा दुई लाख ४० हजार ८५९ रुपैयाँ पाउनुभएको छ। यसैगरी रानाले गाई पकेटलागत साझेदारी कार्यक्रम अन्तर्गत दुई वटा गाई खरिद गरेबापत ४२ हजार अनुदान समेत प्राप्त गर्नुभएको छ। नगरपालिकाको यो कार्यक्रमले कृषिमा लाग्ने किसानलाई थप उत्साहित बनाउनुका साथै बढ्दै गएको बेरोजगारीको समस्या समाधानमा सहयोग पुगेको छ।

# पर्वतमा बन्दै गरेको विश्वकै दोस्रो लामो जिपलाइन दशैंसम्म सञ्चालन हुने

**पोखरापत्र संवाददाता**
**पर्वत, २५ साउन**

पर्वत सदरमुकाम कुश्माबजारमा निर्माणाधीन विश्वकै दोस्रो लामो दाबी गरिएको जिपलाइन आगामी दशैंसम्म सञ्चालनमा आउने भएको छ।

पर्वतका सात जना युवा व्यवसायीको करिब रु १३ करोड लगानीमा निर्माणाधीन जिपलाइनको ९० प्रतिशत काम सकिएको हार्नेश जिपलाइन प्रालिका निर्देशक राजकुमार बस्नेतले बताउनुभयो । उहाँले दशैंसम्म सञ्चालन गर्ने तयारीका साथ काम भइरहेको बताउनुभयो । "अहिले रिसोर्टतर्फको काम पनि धमाधम भइरहेको छ तर त्योभन्दा पहिले नै जिपलाइन सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ।

जिपलाइन र हाइड्रोलिक पिङको काम अन्तिमतिर आइपुगेको छ", उहाँले भन्नुभयो, "पर्वतमा साहसिक पर्यटनको विकासका लागि यो जिपलाइन पनि महत्वपूर्ण हुनेछ । जिपलाइनसहित साहसिक खालका अरु काम पनि हामीले गर्ने तयारी गरिरहेका छौं।" जिपलाइनको परीक्षण अब १५ दिनपछि गर्ने तयारी भइरहेको बस्नेतले बताउनुभयो । यस्तै छ महिनाभित्रमा रिसोर्ट, ह्युमन सिलिङस्ट र स्वीमिङ पुल निर्माणको काम सक्ने उहाँको भनाइ छ।

यसैगरी हार्नेश जिपलाइनले पर्वत जिल्लालाई साहसिक खेलको जिल्लाकै रूपमा परिचित गराउन र मुस्ताङ आउजाउ गर्ने पर्यटकलाई पर्वतमा बस्नै मन लाग्ने बनाउनका लागि कालीगण्डकी नदीमा जेटस्की (वाटर बाइक) समेत सञ्चालन गर्ने योजना बनाएको छ। कम्पनीका अध्यक्ष विदुर पौड्याललले पोखराबाट स्थलमार्ग हुँदै धेरै पर्यटक मुस्ताङसम्म जाने गरेको भए पनि उनीहरू पर्वतका पर्यटकीय गन्तव्यस्थलमा नपुग्दा जिल्लामा पर्यटकीय विकास हुन नसकेको बताउनुभयो।

समुद्रको पानीमा साहसिक खेल खेल्न रुचाउने पर्यटकलाई बाह्य तथा आन्तरिक पर्यटकलाई लक्षित गरेर नै कालीगण्डकी नदीमा जेटस्की सञ्चालनमा ल्याउने तयारी गरिएको पौड्याललले बताउनुभयो । जेटस्कीको परीक्षण सफल भए कालीगण्डकी नदीको सतहमा मोटरसाइकलमा गुडेजस्तै गरी गुड्ने साधनमा खेल्न पाइने उहाँको भनाइ छ। अहिले वर्षायाम भएकाले नदीमा पानीको बहाव ठूलो भएका कारण पानीको मात्रा घट्नासाथ परीक्षण गर्ने तयारीमा लगानीकर्ता छन् । सदरमुकामसमेत रहेको कुश्मा नगरपालिका-५ चाक्लेको डिलबाट कालीगण्डकी नदीको किनारमा रहेको साउने बगरसम्म एक हजार ४०० मिटरको दूरीमा जिपलाइन बनाउन थालिएको हो।

निर्माणको जिम्मा लिएको भारतीय कम्पनी श्याम जिपलाइनका इञ्जिनीयर नवीन म्यासीका अनुसार क्लासिक जिपलाइनमा कुर्सीमा बसेजस्तै गरेर डोरीमा बगिन्छ भने घोप्टो सुतेर गन्तव्यमा पुगिन्छ। पर्वतको जिपलाइनमा एकै पटकमा दुईजनासँगै झुण्डिन मिल्छ भने ६० देखि ९० सेकेण्डको समय अवधिभित्रमा यात्रा पूरा हुन्छ । जिपलाइनमा प्रयोग हुने डोरीले एक पटकमा दुई हजार किलो तौल धान्न सक्ने जनाइएको छ।

# अस्पतालको स्तरोन्नतिका लागि सरकार प्रतिबद्ध छ : मन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ साउन**

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधु अधिकारीले आज धौलागिरि अस्पताल बागलुङको अवलोकन तथा निरीक्षण गर्नुभएको छ।

सो अवसरमा उहाँले आइसोलेशन कक्ष, अक्सिजन प्लान्ट, शिशु सघन कक्ष, प्रसूति कक्ष, पीसीआर प्रयोगशाला र डायलासिस कक्षको वस्तुस्थित तथा अस्पतालको सूचना केन्द्रबाट फोन गरेर कोरोना सङ्क्रमितको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिनुभयो।

सोही अवसरमा अस्पतालद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा मन्त्री अधिकारीले अस्पतालको स्तरोन्नतिका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा अस्पतालले महत्वपूर्ण काम गरेको उल्लेख गर्नुभयो । "अस्पतालमा दक्ष जनशक्ति र उपकरण थप्दै जानुपर्ने अवस्था छ, अस्पताललाई दुई सय शय्यामा स्तरोन्नति गर्दा भवनसमेत थप्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "अस्पतालको विकासप्रति सरकार संवेदनशील छ, छिट्टै नै आवश्यक जनशक्ति र उपकरणको व्यवस्थापन गरिनेछ।"

# आमासँगै बालबालिका पनि संक्रमित

**पोखरापत्र संवाददाता**
**बलेवा, २५ साउन**

साना छोराछोरीसँगै गाउँमा बस्दै आएकी एक महिलाले यसअघिका दुई चरणमा गाउँमा समेत फैलिएको कोरोनाको महामारीबाट आफू र बालबच्चालाई जोगाइन् । उनका पति दुई वर्षयता रोजगारीका सिलसिलामा साउदी अरेबियामा छन्। लोग्नेले घर छाडेपछि शुरु भएको महामारीले अन्ततः परिवारलाई नै सङ्क्रमित बनायो।

बागलुङ नगरपालिका-१२ अमलाचौरकी उनले बालबच्चालाई महामारीबाट जोगाए पनि आफैं सङ्क्रमित भएपछि भने बालबच्चालाई हेरिदिने कोही पनि भएनन् । उपाय केही नभएपछि उनले सङ्क्रमण नभएका छोराछोरीलाई राख्न बाध्य भइन् । होम आइसोलेशनमा बसेकी ती महिलाले आफै खाना पकाएर पकाएर छोराछोरीलाई खुवाउँछिन् । "पाँच वर्षको छोरो अरुसँग बस्नै मानेन्, आठ वर्षकी छोरी पनि मसँगै छ", उनी भन्छिन्, "आफूलाई सङ्क्रमण पुष्टि भएपछि गाउँलेले पनि सहयोग गरेनन्। घरमा अरु कोही नभएकाले बालबालिकालाई बाध्यतावस आफैँसँग राख्नुपऱ्यो।" एक साता अघि उनलाई सङ्क्रमण पुष्टि भए पनि त्यसयता सँगै बसेका बालबालिकाको जाँच गराइएको छैन । ती महिलाका छोराछोरीलाई कोरोनाको जाँच गर्न बोलाइए पनि उनीहरू अहिलेसम्म आउन नसकेको अमलाचौर स्वास्थ्यचौकीका प्रमुख कृष्णप्रसाद शर्मा बताउनुहुन्छ । परिवारका अन्य सदस्यसहित जैमिनी नगरपालिका-१ की अर्की एक महिला पनि कोरोना सङ्क्रमित छिन् । नगरपालिकाले बनाएको अस्थायी कोभिड अस्पतालमा बस्दै आएकी उनी, उनका वृद्ध सासू, चार वर्षकी छोरी र ११ वर्षका छोरा पनि सङ्क्रमित भएका हुन् तर श्रीमान्को भने कोरोना जाँचको रिपोर्ट नेगेटिभ आएको छ। पाँच जनाको परिवारमा चार सङ्क्रमित छन् । ती महिला र उनकी सासूलाई स्वास्थ्यसम्बन्धी अन्य समस्या पनि छ। आफूहरुको स्वास्थ्यमा समस्या भएका कारण केही होला की भनेर आफूसहित छोराछोरीलाई पनि आइसोलेशनमा राख्नु परेको उनको भनाइ छ।

छोराछोरीमा कडा खालको लक्षण त छैन तर घरमा कोही नभएका कारण सबैजना अस्थायी कोभिड अस्पतालमा बसिरहेका छन् । "आमा वा हजुरआमासँग जस्तो परिवारका अरु सदस्यसँग कहाँ बस्न मान्छन् र छोराछोरी" उनले भनिन् "सँगै बसेका छौं, खाना अस्पतालले दिन्छ, अरु सुसार आफैंले गर्दै आएकी छु।"

कोरोना महामारीको पहिलो लहरभन्दा दोस्रो लहरमा महिला र बालबालिकालाई धेरै असर पारेको छ। आमा सङ्क्रमित हुँदा बालबालिकालाई आइसोलेशनको समय समय कटाउन निकै कठिन हुने गरेको छ । आमा सङ्क्रमित हुँदा बालबालिका पनि सङ्क्रमित हुने खतरा बढिरहेको स्वास्थ्य कार्यालयका कोभिड स्रोत व्यक्ति देवप्रकाश घिमिरेले बताउनुहुन्छ।

"महामारी कठिन समय हो, यो बेलामा सबैमा मानसिक असर पनि परेको हुन्छ" धौलागिरि अस्पतालका मानसिक रोग विषेशज्ञ डा धीरेन्द्र पौडेल भन्नुहुन्छ, "बालबालिकाका लागि न अस्पतालका आइसोलेशनमा छुट्टै व्यवस्था गर्न सकिएको छ नत होम आइसोलेशनमा नै। त्यसैले बिरामीमा शारीरिकभन्दा पनि मानसिक समस्या बढी देखिन्छ।"